**संयुक्त मर्जर समितिको सचिवालय**
**विजय-नयाँ सारथी लघुवित्त वित्तीय संस्था लि.**
**काठमाण्डौं ।**

प.सं. ०७९/८० मिति २०८०/०३/२५
च.नं. ०४

**श्री नेपाल स्टक एक्सचेञ्ज लि.**
**युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ**

**विषय : एकीकृत कारोबार सञ्चालन तथा शेयर कारोबार रोक्का सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा विजय लघुवित्त वित्तीय संस्था र नयाँ सारथी लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने(मर्जर) प्रयोजनको सम्बन्धमा दुवै वित्तीय संस्थाले आ-आफ्नो संस्थाको मिति २०७९/१२/२८ गतेको वार्षिक साधारण सभाबाट विशेष प्रस्ताव पारित गरे बमोजिम नेपाल राष्ट्र बैंकबाट मिति २०८०/०३/१५ मा र नेपाल धितोपत्र बोर्डबाट मिति २०८०/०३/२१ मा प्राप्त अन्तिम स्वीकृति तथा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौबाट गाभ्ने/गाभिने(मर्जर) गर्ने स्वीकृती प्राप्त भएकोले गाभ्ने/गाभिने(मर्जर) कार्य सम्पन्न भए पश्चात **विजय लघुवित्त वित्तीय संस्था लिमिटेड,** नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्थाको रुपमा मिति २०८०/०३/३१ (तद्नुसार जुलाई १६, २०२३) आईतवारको दिनदेखि एकीकृत वित्तीय कारोबार सञ्चालन गरिने निर्णय भएको हुदा धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९ को निर्देशन ९ बमोजिम मर्जर पश्चात विजय लघुवित्त वित्तीय संस्था र नयाँ सारथी लघुवित्त वित्तीय संस्थाको शेयर मिलान, धितोपत्र पुन: दर्ता, धितोपत्रको अभौतिकीकरण तथा सूचीकरण प्रयोजनको लागि एकीकृत कारोबार सुरु हुने मिति २०८०/०३/३१ देखि १५ कार्य दिनसम्म शेयर कारोबार रोक्का राख्न नेपाल स्टक एक्सचेन्ज लगायत सम्बन्धित निकायमा अनुरोध गरी पठाउने भनी संयुक्त मर्जर समितिले मिति २०८०/०३/२५ गते अपरान्ह ४:१५ मा निर्णय गरेको हुदा आवश्यक कारवाहीका लागि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

भवदीय,

दिलेन्द्र बस्नेत
सचिब
संयुक्त मर्जर समिति

**बोधार्थ :**
**श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार ललितपुर**
**श्री सिडिएस एण्ड क्लियरिङ लि, पुतलिसडक, काठमाण्डौं ।**